# सवारी दुर्घटनाहरूका बारेमा...मैले के जान्नु पर्छ

**१२/४/२०१४ मा संशोधन गरिएको**

**ड्राइभरको रूपमा म दुर्घटनामा परेँ भने मैले के गर्नुपर्छ?**

**यो निम्न ती अवस्थामध्ये कुन अवस्था हो त्यसमा निर्भर रहन्छ:**

१. **सार्वजनिक सडकमा।** तपाईंले सार्वजनिक सडकमा चलाएको सवारीसाधनले मानिस वा सम्पत्तिलाई ठक्कर दिएको कुरा तपाईंलाई थाहा छ भने, कानून अनुसार तपाईंले निम्न कुरा गर्नु पर्ने हुन्छ:

क. रोकिनुहोस् र घटना स्थलमा नै रहनुहोस्।

ख. जानकारी प्रदान गर्नुहोस्।

i. घाइते हुने जो कोही व्यक्ति, क्षति पुगेको कुनै पनि सवारीसाधनको प्रयोगकर्ता, संचालक, मालिकलाई, वा घटना स्थलमा रहेको जुनसुकै प्रहरीलाई तपाईंको नाम र ठेगाना, सवारीसाधन नम्बर र तपाईंको सवारी साधनको मालिकको नाम र ठेगाना दिनुहोस्।

ii. अनुरोध गरिएको खण्डमा घटनामा घाइते भएको जुनसुकै व्यक्तिलाई, क्षति पुगेको कुनै पनि सवारीसाधनको मालिक वा संचालक, वा घटना स्थलमा रहेको जुनसुकै प्रहरीलाई तपाईंको सवारी साधन अनुमति पत्र देखाउनुहोस।

ग. यदि घाइते व्यक्तले तपाईंको जानकारी लिन सक्दैन वा विवरण लिन सक्दैन भने, तपाईंले तुरुन्तै सबैभन्दा नजिक पर्ने प्रहरी कार्यलयलाई घटना स्थल, तपाईंको नाम र ठेगाना र सवारीसाधनको नम्बर दिई जानकारी दिनै पर्छ। तपाईंलाई आपतकालिन सवारीसाधनले नहटाएसम्म प्रहरी आइन्जेलसम्म तपाईं घटना स्थलमा नै रहनुपर्छ।

घ. यदि तपाईंले खाली सवारीसाधनलाई ठक्कर दिनुभएको छ भने, तपाईंको नाम र ठेगाना, सवारीसाधन नम्बर र तपाईंको सवारीसाधनको मालिकको नाम र ठेगाना लेखी विशेष ठाउँमा टाँसेर छाड्नुपर्छ।

२. **सार्वजनिक सडकमा होइन।** सार्वजनिक सडकमा *बाहेकको* अन्य सडकमा तपाईंले चलाएको सवारी साधनले मानिस वा सम्पत्तिलाई ठक्कर दिएको कुरा तपाईंलाई थाहा छ भने, कानून अनुसार तपाईंले निम्न कुरा गर्नु पर्ने हुन्छ:

क. घटना स्थलमा रोकिनुहोस्।

ख. अनुरोध गर्ने जो सुकैलाई तपाईंको सवारीसाधन अनुमतिपत्र, तपाईंको नाम र ठेगाना, सवारी साधनको नम्बर र तपाईंको सवारीसाधनको मालिकको नाम र ठेगाना दिनुहोस्।

ग. यदि क्षति भएको सम्पत्तिको रेखदेख गर्ने व्यक्ति वा मालिकलाई माथि उल्लेख गरिएको (२ ख मा) कुनै पनि जानकारी प्रदान गरिएन भने, तपाईंले यिनलाई २४ घण्टाभित्र घटना भएको मिति, समय र स्थान सहित स्थानिय प्रहरीलाई प्रदान गर्नु पर्नेछ।

घ. यदि तपाईंले खाली सवारीसाधनलाई ठक्कर दिनुभएको छ भने, तपाईंको नाम र ठेगाना, सवारीसाधन नम्बर र तपाईंको सवारीसाधनको मालिकको नाम र ठेगाना लेखी विशेष ठाउँमा टाँसेर छाड्नुपर्छ।

३. **सार्वजनिक सडकमा वा नजिकै सम्पत्ति क्षति।** यदि तपाईंले चलाइरहेको सवारीसाधनले अचल सम्पत्ति (वा अचल सम्पत्तिमा रहेको व्यक्तिगत सम्पत्ति) लाई नोक्सान पुऱ्यायो भने, र त्यो सम्पत्ति कानूनी रूपमै सार्वजनिक सडकमा वा सडक नजिकै रहेको छ भने, कानून अनुसार तपाईंले निम्न कुरा गर्नु पर्ने हुन्छ:

क. घटना स्थलमा रोकिनुहोस्।

ख. जानकारी प्रदान गर्नुहोस्।

ग. सम्पत्तिको मालिक वा सम्पत्तिको रेखदेख गर्ने व्यक्तिलाई पत्ता लगाउन वा घटनाको बारेमा जानकारी दिन उचित पाइला चाल्नुहोस्, र कसैले अनुरोध नगरे तपानि तपाईंको नाम र ठेगाना र सवारीसाधनको नम्बर प्रदान गर्नुहोस्।

२. यदि तपाईंलाई अनुरोध गरियो र तपाईंसँग उपलब्ध छ भने, सम्पत्तिको मालिक वा रेखदेख गर्ने व्यक्तिलाई तपाईंको सवारीसाधन अनुमति पत्र देखाउनुहोस्।

ग. उचित प्रयास गरेपछि पनि तपाईंले क्षति भएको सम्पत्तिको मालिक वा रेखदेख गर्ने व्यक्तिलाई पत्ता लगाउन सक्नुभएन भने, तपाईंले २४ घण्टाभित्र स्थानिय प्रहरीलाई घटना भएको स्थान र तपाईंलाई थाहा भए अनुसार क्षतिको विवरण लगायत तपाईंको नाम, ठेगाना र सवारीसाधन नम्बर प्रदान गर्नु पर्छ।

घ. क्षति भएको सम्पत्तिमा कुनै जानकारी टाँस्नु पर्छ भन्ने आवश्यकता छैन, तर यसो गर्नु बुद्धिमानी हुन्छ।

४. **सम्पूर्ण दुर्घटना अवस्थाहरू।**

क. दुर्घटनापछि सँधै तपाईंले प्रहरीलाई खबर गर्नै पर्छ भनी कानूनले अनिवार्य नगरे तापनि, यसो गर्नु बुद्दिमानी हुन्छ, किनभने, किनभने घटना स्थलमा प्रहरीले घटनाको कारणहरूलाई पत्ता लगाउन सहायता गर्न सक्छ (यदि को जिम्मेवार छ भन्ने विवाद भएमा, यो महत्त्वपूर्ण हुन्छ) र घटना स्थलमा सुरक्षा मार्ग तयार गर्न सहायता गर्छ।

ख. सवारीसाधनको मालिकको नाम र ठेगान प्रदान गर्नुहोस्, घटना स्थलमा नै रहनुहोस् वा क्षति भएको सम्पत्तिमा नोट टास्नुहोस्।

ग. तपाईंले मोटर सवारीसाधन ब्यूरो (BMV) मा "घटना विवरण" उजुरी दिनै पर्छ भनेर कानूनले अनिवार्य गर्दैन। तर घटनामा संलग्न भएको पक्षले छ महिनाभित्र मोटर सवारीसाधन ब्यूरो (BMV) फारम 3303 प्रयोग गरी, दुर्घटनाको सवारीसाधनको ड्राइभर र मालिकको विमा गरिको थिएन भन्ने अभियोग लगाई यो उजुरी दिनसक्छ। यसले गर्दा मोटर सवारीसाधन ब्यूरो (BMV) ले सवारीचालक वा सवारीसाधनको मालिकको अनुमतिपत्र निलम्बित गर्न सक्छ। यो फारम विमा कम्पनीहरू र यो ठेगानामा उपलब्द छ: http://bmv.ohio.gov/bmv_forms.stm

घ. ट्राफिक नियम लागू गर्ने घटना स्थलमा रहेको प्रहरी कार्यकर्ताले तपाईंलाई तपाईंको आर्थिक जिम्मेवारीको प्रमाण (विमा) देखाउन लगाउनु पर्छ। यदि अधिकारीले तपाईंलाई ट्राफिक टिकट दियो र तपाईंले अधिकारीलाई आर्थिक जिम्मेवारीको प्रमाण देखाउन सक्नुभएन भने, तपाईंले यसलाई पछि अदालतमा वा मोटर सवारीसाधन ब्यूरो (BMV) मा देखाउन सक्नुपर्छ। यदि तपाईंले आर्थिक जिम्मेवारीको प्रमाण देखाउन असफल हुनुभयो र तपाईंले ट्राफिक अपराध गरेको ठहरिनेछ र तपाईंको ड्राइभिङ विवरणको आधारमा तपाईंको सवारीसाधन अनुमति पत्रलाई ९० दिनदेखि दुई वर्षसम्म निलम्बित गरिन सक्छ। तपाईंले मोटर सवारीसाधन ब्यूरो (BMV) बहाली शुल्क समेत तिर्नु पर्छ र निरन्तर विमाको प्रमाण देखाउनु पर्छ।

ङ. तपाईं तपाईंको विमा कम्पनी वा जोखिम कम गर्ने सेवासँग सहकार्य गर्नै पर्छ। तैपनि, तपाईंलाई कसैले पनि बयान दिन वा दुर्घटना स्थलमा तपाईंको गल्ती थियो भन्ने कुरालाई स्वीकार गर्न जबरजस्ती गर्न सक्दैन। प्रमाणित गर्नको निम्ति तपाईं अदालतमा उपस्थित हुनुपर्ने वा उपस्थिति-पत्र बनाइन सक्छ, तैपनि, कुनैपनि दोषारोपणको विषयमा तपाईं मौन रहने अधिकार छ। कुनै पनि बयान दिनभन्दा पहिले वकीलसँग कुराकानी गर्ने अधिकार तपाईंसँग हुन्छ। यदि तपाईंलाई सानातिना अपराधभन्दा बढी सजाय दिइयो र तपाईंले कानूनी परामर्शको निम्ति रकम तिर्न सक्नुहुन्न भने अदालतलाई तपाईंको निम्ति वकील नियुक्त गर्न अनुरोध गर्ने अधिकार तपाईंको हुन्छ।

**यदि म दुर्घटनामा संलग्न भएँ भने मैले के *गर्नुपर्छ?***

**यहाँ केही सहयोगी सूझावहरू छन्:**

१. **घाइतेलाई भर्ना गर्नुहोस्।** तुरुन्तै मेडिकल सहयोगलाई फोन गर्नुहोस्। कुनै पनि घाइते व्यक्तिलाई सहायता गर्नुहोस्, तर तिनीहरूको घाउ-चोटलाई बढाउने तरिकाले तिनीहरूलाई नसार्नुहोस्। यदि तपाईंको कृयाकलाप जानी-जानी गरिएको वा घोर दुर्व्यवहार भएको पाइएमा, तपाईंले थप घाउ-चोट पुऱ्याए बापत तपाईंलाई जिम्मेवार घोषित गरिन सक्छ।

२. **सवारीसाधन स्थानान्तर गर्नुहोस्।** यसले ट्राफिक खतरा पारेको अवस्था नभएसम्म, प्रहरी नआइपुगुन्जेल तपाईंको सवारीसाधनलाई स्थानान्तर नगर्नुहोस्।

३. **सम्पर्क जानकारीलाई लिनुहोस्।** संलग्न हुने प्रत्येक व्यक्तिको नाम, ठेगाना, फोन नम्बर, सवारीसाधन नम्बर र विमा विवरण लिनुहोस्, र हरेक साक्षीहरूको सम्पर्क जानकारी लिनुहोस्।

४. **नोट र फोटो लिनुहोस्।** दुर्घटना हुनभन्दा पहिले, दुर्घटना भएको अवस्थामा र त्यसपछि सवारीसाधनको अवस्थाको बरेमा विवरण लिनुहोस्। यदि तपाईं यसलाई सुरक्षित साथ गर्न सक्नुहुन्छ भने, ब्रेक लगाइएको चिन्ह, सम्पर्क बिन्दु, संरचना, सडक चिन्हरू, क्षति, ट्राफिक कन्ट्रोल यन्त्रहरू, सडकको अधिकार, सडकको अवस्था र मौसम आदिको फोटो लिनुहोस्।

५. **प्रहरीलाई सहायता गर्नुहोस्।** कुनै पनि छानबिन अधिकारीलाई सहयोग गर्नुहोस्, तर आफूले अपराध गरेको कुरालाई देखाउने गवाही दिनेबारे होशियार हुनुहोस्। तपाईंले कुनै पनि गवाही दिनु अनिवार्य छैन र त्यसो गर्नभन्दा पहिले वकीलसँग परामर्श लिन सक्नुहुन्छ।

६. **विमा।** दुर्घटनाको बारेमा तपाईंको विमा कम्पनीलाई जतिसक्दो चाँडो जानकारी दिनुहोस्।

७. **कानूनी सल्लाह।** यदि तपाईं ट्राफिक आरोपका कारण अदालतमा उपस्थित हुनुपर्ने भएमा, तपाईंले वकीलद्वारा परामर्श लिनुहोस्। कानूनी सल्लाहविना कसैलाई पनि रकम नतिर्नुहोस् वा दाबीमा मिलाप नगर्नुहोस्। वकीलले तपाईंको कानूनी अधिकार र दायित्वहरूका बारेमा बताउन सक्छ।

**यदि मैले दुर्घटना देखेँ भने मैले के गर्न सक्छु?**

**ध्यान दिनुहोस् र निम्नानुसार सहायता गर्नुहोस्:**

१. **घाइतेलाई भर्ना गर्नुहोस्।** तुरुन्तै मेडिकल सहयोगलाई फोन गर्नुहोस्। कुनै पनि घाइते व्यक्तिलाई सहायता गर्नुहोस्, तर तिनीहरूको घाउ-चोटलाई बढाउने तरिकाले तिनीहरूलाई नसार्नुहोस्। यदि तपाईंको कृयाकलाप जानी-जानी गरिएको वा घोर दुर्व्यवहार भएको पाइएमा, तपाईंले थप घाउ-चोट पुऱ्याए बापत तपाईंलाई जिम्मेवार घोषित गरिन सक्छ।

२. **तपाईंको सम्पर्क जानकारी प्रदान गर्नुहोस्।** दुर्घटनामा संलग्न सबै ड्राइभरहरूलाई तपाईंको सम्पर्क जानकारी प्रदान गर्नुहोस्।

३. **नोट र फोटो लिनुहोस्।** तपाईंले के देख्नुभयो त्यसलाई लेख्नुहोस् र फोटो लिनुहोस्।

*१२/४/२०१४*

*© डिसेम्बर २०१४ ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)*

लफ्याक्ट पम्प्लेट सेरिज (LawFacts Pamphlet Series)
ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)

PO Box 16562

Columbus, OH 43216-6562

(800) 282-6556 or (614) 487-2050

www.ohiobar.org

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Foundation) द्वारा अनुदान

लफ्याक्ट सार्वजानिक जानकारी पुस्तिकाको यो एउटा श्रृंखला हो। अरू, ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association) लाई लिखित रूपमा माग गरी तपाईंको वकिलको कार्यलयमार्फत अथवा www.ohiobar.org बाट प्रापत्त गर्न सक्नुहुन्छ।

*यो पुस्तिकामा समावेश गरिएका जानकारी सामान्य छन्, र पहिले तपाईंको वकीलसँग परामर्श नलिई यसलाई कुनै विशेष कानूनी समस्यामा लागु गरिनु हुँदैन।*

यस कानुनी सत्यता पर्चा श्रृंखलाले उपोभाक्ताहरुको लागि धरैजसो आइपर्न कानुनी बिषयमा सामान्य जानकारी प्रदान गर्दछ .

केहि कानुनी सत्यता पम्प्लेट्सहरु एशियन सेर्विचेसले अंग्रेजीदेखि विविन्न एशियाली भाषामा, ओहायो राज्य बार फाउनदेशनको आर्थिक सयोगमा अनुवाद गरिएको छ . एसियन सेर्विचेस इन एक्शन, इनक., ओहायो राज्य अफ बार एसोसीएसनसंग सहयोगी, सहायक, वा सम्बन्धित, व्यक्ति वा संस्था होइन . ओहायो राज्य बार एसोसिएसनले अनुवादको शुद्धता या पूर्णता को रूपमा कुनै प्रतिनिधित्व वा वारंटी गरको छैन . कृपया अनुवाद प्रक्रिया कानुनी अर्थ सटीकता प्रभावित हुन सक्छ भन्ने कुरामा सचेत हुनुहोस . यस कानुनी सत्यता पर्चा श्रृंखलाको इरादा विशिष्ट परिस्थितिमा कानुनी सल्लाहको विकल्प होइन . कानुनी सल्लाह लागि, तपाईं सधैं आफ्नो विशेष स्थिति र क्षेत्राधिकार लागू हुन्छ भनेर व्यवस्थाको ज्ञान भएको वकीलसंग परामर्श गर्नुपर्छ ।

With the permission of Ohio State Bar Association, the translation of this Brochure was completed by Asian Services In Action, Inc., which was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.